# नेपाल सरकारवादी भई चलाईएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१

कानूनको शासनको मर्म र भावना अनुरुप मुलुकको वृहत्तर हितका लागि निश्चित मापदण्डका आधारमा नेपाल सरकारवादी भई चलाईएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी प्रक्रियालाई सरल, स्पष्ट, व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन आवश्यक भएकोले नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "नेपाल सरकारवादी भई चलाईएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>मुद्दा फिर्ता लिन सकिने</u> : (१) प्रचलित कानून बमोजिम कसूर मानिने कार्य राजनैतिक उद्देश्य प्राप्तिका लागि गरेको पुष्टि हुने पर्याप्त आधारहरु रहेको देखिएका प्रचलित कानून बमोजिम नेपाल सरकारवादी भई चलाईएको फौजदारी मुद्दा फिर्ता लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा फिर्ता लिंदा अभियुक्तको उमेर, निजको आचरण, वारदात हुँदाको परिस्थिति, निजले सो भन्दा अगाडि कुनै फौजदारी कसूर गरे वा नगरेको र त्यस्तो व्यक्तिको निजी प्रतिष्ठा समेतको विचार गर्नु पर्नेछ ।

३. <u>मुद्दा फिर्ता लिन नसकिने</u> : दफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कसूरसँग सम्बन्धित मुद्दाहरु फिर्ता लिन सकिने छैन :-

(क) भ्रष्टाचार,

(ख) नागरिकता,

(ग) अख्तियार दुरुपयोग,

(घ) तस्करी,

(ङ) कालोबजार,

(च) प्राकृतिक वा सांस्कृतिक सम्पदाको चोरी, तस्करी वा निकासी पैठारी,

(छ) राजश्व चुहावट वा भन्सार चोरी,

(ज) ठगी,

(झ) वैदेशिक रोजगार,

(ञ) मानव बेचविखन,

(ट) जबर्जस्ती करणी,

(ठ) लागु औषध,

(ड) जासुसी,

(ढ) लिखतहरुको गोप्यता सम्बन्धी,

(ण) राज्य विरुद्धको अपराध,

(त) युद्ध अपराध,

(थ) मानव अधिकार र क्रुर तथा अमानवीय प्रकृतिका मानवता विरुद्धको अपराध,

(द) संगठित अपराध,

(ध) महिला एवं बालबालिका विरुद्धको अपराध,

(न) जाति हत्या,

(प) सार्वजनिक हक विरुद्धको अपराध,

(फ) गैर सरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने मुद्दा,

(ब) झुट्टा राहदानी,

(भ) वन्यजन्तुको अवैध शिकार तथा आखेटोपहार सम्बन्धी,

(म) गैंडाको खाग चोरी निकासी,

(य) खोटा चलन,

(र) व्यक्ति अपहरण तथा शरीर बन्धक,

(ल), प्रचलित कानून बमोजिम फिर्ता लिन निषेध गरिएको अन्य मुद्दा ।

४. मुद्दा फिर्ताको लागि निवेदन दिन सक्ने : दफा २ बमोजिम मुद्दा फिर्ताको लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित व्यक्ति वा निजको हकवालाले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ :-

(क) मुद्दा दायर भएको अदालत वा निकाय,

(ख) जाहेरी दरखास्तको प्रतिलिपि,

(ग) अभियोगपत्र, अभियुक्तको बयान तथा थुनछेकको सम्बन्धमा अदालतबाट भएका आदेशका प्रतिलिपिहरु, र

(घ) सम्बन्धित राजनीतिक दलको जिल्लास्थित कार्यालयको मुद्दा राजनीतिक आधारमा चलाईएको हो भन्ने व्यहोरा सहितको मुद्दा फिर्ताको लागि सिफारिस ।

५. विवरण तयार गर्नु पर्ने : दफा ४ बमोजिम मुद्दा फिर्ताको लागि निवेदन प्राप्त भए पछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले सम्बन्धित जिल्ला सरकारी वकीलको कार्यालयसँग मुद्दासँग सम्बन्धित विवरण लिई देहायका विवरण तयार गर्नु पर्नेछ :-

(क) मुद्दा फिर्ताको लागि निवेदन दिने व्यक्तिको नाम, थर र ठेगाना,

(ख) मुद्दाको जाहेरवाला, वादी, प्रतिवादीको नाम, थर र वतन,

(ग) मुद्दा विचाराधीन रहेको अदालत,

(घ) मुद्दा पुर्पक्षको अवस्था,

(ङ) फिर्ता लिनु पर्ने मुद्दा शुरु तहको अदालतबाट फैसला भएको छ वा छैन,

(च) पुनरावेदन तहमा कुनै उजूरी वा निवेदन परेको छ वा छैन,

(छ) कुनै निकाय, राजनैतिक दल वा व्यक्तिले मुद्दा फिर्ताको लागि सिफारिस वा अनुरोध गरेको रहेछ भने सो सँग सम्बन्धित कागजात

६. कारबाही अगाडि बढाउनु पर्ने : दफा ५ बमोजिम तयार गरेको विवरणको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मुद्दाको पृष्ठभूमि, मुद्दा दायर हुनुको कारण, मुद्दा

फिर्ता गर्नु पर्ने कारण, औचित्य र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम र उपादेयताको उल्लेख गरी प्रत्येक मुद्दाको निमित्त छुट्टै फाईल खडा गरी मुद्दा फिर्ताका लागि आवश्यक कारबाही हुन गृह मन्त्रालयमा आफ्नो राय समेत संलग्न गरी पठाउनु पर्नेछ ।

७. <u>परामर्श माग गर्नु पर्ने</u> : दफा ६ बमोजिम मुद्दा फिर्ताको लागि फाइल प्राप्त हुन आएकोमा त्यस्तो मुद्दा फिर्ता गर्नु पर्ने आधार र कारण मनासिब देखेमा गृह मन्त्रालयले मुद्दा फिर्ता गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र मुद्दाको विषयसँग अन्य कुनै मन्त्रालय सम्बन्धित भए सो मन्त्रालयको समेत परामर्श माग गर्नु पर्ने छ ।

८. <u>कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा फाईल पठाउन सक्ने</u> : दफा ७ बमोजिम महान्यायाधिवक्ताको कार्यालय र मुद्दाको विषयसँग सम्बन्धित मन्त्रालयको परामर्श, सम्बन्धित राजनीतिक दलको सिफारिस तथा निवेदनमा उल्लिखित व्यहोरा समेतको आधारमा मुद्दा फिर्ता गर्न उपयुक्त देखेमा गृह मन्त्रालयले मन्त्रिस्तरीय निर्णय गरी मुद्दा फिर्ताको लागि कारवाही अगाडि बढाइदिन सो सम्बन्धी सक्कलै फाइल कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा पठाउन सक्नेछ ।

९. <u>मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सक्ने</u> : दफा ८ बमोजिम मुद्दा फिर्ताको लागि कारवाही अगाडि बढाउन प्राप्त सक्कल फाईलको अध्ययन गर्दा यस कार्यविधिमा लेखिए बमोजिमको कार्यविधि पूरा भएको र कानूनको शासन, फौजदारी न्याय प्रशासनका मान्य सिद्धान्त तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु समेतको आधारमा मुद्दा फिर्ता गर्न मनासिब देखिएमा कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयले मुद्दा फिर्ता लिने प्रस्ताव मन्त्रिपरिषद् समक्ष पेश गर्न सक्नेछ ।

१०. <u>निर्णय कार्यान्वयन गर्न लेखी पठाउने</u> : दफा ९ बमोजिम कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयबाट पेश भएको प्रस्ताव बमोजिम मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने निर्णय भएमा कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयले सो निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि र मुद्दाको विवरण समेत संलग्न राखी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनु पर्नेछ र सो को जानकारी गृह मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

११. <u>अदालतमा निवेदन पेश गर्नु पर्ने</u> : दफा १० बमोजिम मुद्दा फिर्ताको लागि लेखी आएमा महान्यायाधिवक्ताको कार्यालय आफै वा सो अन्तर्गतको कार्यालयले मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि, मुद्दाको विवरण सहित मुद्दा विचाराधीन रहेको अदालतमा मुद्दा फिर्ताको लागि अनुमति माग गर्न निवेदन पेश गर्नु पर्नेछ ।

१२ <u>विवरण उपलब्ध गराउनु पर्ने</u> : (१) महान्यायाधिवक्ताको कार्यालयले यस कार्यविधि बमोजिम फिर्ता भएको मुद्दाको विवरण तथा मुद्दा फिर्ताको लागि अदालतबाट अनुमति प्राप्त हुन नसकेको भए सो मुद्दाको नाम र सो सम्बन्धी विवरण कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयलाई पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयले गृह मन्त्रालयलाई गराउनु पर्नेछ ।

१३. सिफारिस माग गर्ने : (१) यस कार्यविधि बमोजिम मुद्दा फिर्ता गर्ने कारवाही अगाडि बढाउने प्रयोजनको लागि गृह मन्त्रालयले सम्बन्धित राजनैतिक दलको केन्द्रीय कार्यालयसँग र जिल्ला प्रशासन कार्यालयले सम्बन्धित राजनीतिक दलको जिल्लास्तरको कार्यालयसँग फिर्ता गर्न खोजिएको मुद्दा राजनैतिक दलप्रतिको पूर्वाग्रह, राजनैतिक आस्था वा प्रतिशोधको कारण बदनियतपूर्ण तरिकाबाट कुनै व्यक्तिलाई फसाउने दुराशयले चलाईएको वा प्रचलित कानून बमोजिम कसूर मानिने कार्य राजनैतिक उद्देश्य प्राप्तिका लागि गरेको हो भन्ने पुष्टि हुने आधार सहितको सिफारिस माग गर्नेछ ।

(२) सम्बन्धित राजनीतिक दलले मुद्दा फिर्ताको लागि दिने सिफारिस अनुसूची-२ बमोजिमको ढाँचामा उल्लेख भए बमोजिम हुनेछ ।

१४. मुद्दा फिर्ता सम्बन्धी कारवाही अगाडि बढाउन नसकिने : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा २ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धी कारवाही अगाडि बढाउन सकिने छैन :-

(क) पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने अवस्थामा विचाराधिन रहेको,

(ख) मुद्दामा एक भन्दा बढी व्यक्ति प्रतिवादी रहेका भए आंशिक रुपमा कुनै एक अभियुक्तको मात्र मुद्दा फिर्ता लिने गरी निवेदन परेको,

(ग) मुद्दा फिर्ता लिन लागिएको प्रतिवादी अदालतबाट जारी भएको म्यादमा हाजिर नभै फरार रहेको ।

१५. क्षतिपूर्ति दिन सक्ने : दफा २ बमोजिम मुद्दा फिर्ता लिएको कारणबाट पीडित पक्षलाई हुन सक्ने पीडाको मूल्याङ्कन गरी नेपाल सरकारले मनासिब माफिकको क्षतिपूर्ति रकम पीडित वा निजको नजिकको हकवालालाई प्रदान गर्न सक्नेछ ।

१६. खारेजी तथा बचाउ : (१) नेपाल सरकारबाट मिति २०५५।०५।०१ मा स्वीकृत "नेपाल सरकारवादी भई चलाईएको फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड र कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१
(दफा ४ सँग सम्वन्धित)

## मुद्दा फिर्ताका लागि दिइने निवेदनको ढांचा

श्री जिल्ला प्रशासन कार्यालय,
................ ।

विषय : मुद्दा फिर्ता गरी पाउँ ।

१. निवेदकको पूरा नाम, थर र ठेगाना :
२. मुद्दाको वादी र प्रतिवादीहरुको नाम, थर ठेगाना :
३. मुद्दाको नाम :
४. मुद्दाको संक्षिप्त विवरण :
५. मुद्दा विचाराधीन रहेको निकाय वा अदालतको व्यहोरा :
६. के, कसरी र कुन परिवन्द वा कारण बाट सो मुद्दा राजनीतिक प्रकृतिको हो सो सम्बन्धी वस्तुनिष्ठ आधार, प्रमाण र औचित्यले पुष्टि हुने विवरण सहितको कथन :

७. उल्लिखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मुद्दा फिर्ताको लागि निवेदन दिने प्रतिवादीको

दस्तखत :
पूरा नाम :
मिति :

अनुसूची - २

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

## मुद्दा फिर्ताका लागि दिइने सिफारिसको ढांचा

श्री गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालय,

................ ।

विषय : **मुद्दा फिर्ताको सिफारिस गरिएको ।**

१. मुद्दाको वादी र प्रतिवादीको नाम, थर ठेगाना :

२. मुद्दाको नाम :

३. मुद्दाको संक्षिप्त विवरण :

४. फिर्ताको लागि सिफारिस गरिएको मुद्दा के कसरी र कुन परिवन्दबाट राजनीतिक प्रकृतिको हो वा राजनैतिक प्रतिशोधको आधारमा दायर भएको हो ? उक्त मुद्दा फिर्ता लिंदा त्यसबाट पीडित पक्षलाई पर्न सक्ने असर र सार्वजनिक शान्तिमा के कस्तो प्रभाव पर्ने हो सो को विवरण सहित मुद्दा राजनीतिक प्रकृतिको भएको देखिने वस्तुनिष्ठ आधार, कारण र औचित्य समेत पुष्टि हुने विवरण सहितको सिफारिसको व्यहोरा :

५. उल्लिखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

सिफारिस गर्ने प्रमुख राजनीतिक दलको,
नाम :
दस्तखत गर्ने पदाधिकारीको पूरा नाम :
दस्तखत :
पद :
राजनीतिक दलको छाप
मिति :